का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक ३२८
❐ ७ माघ २०७८, शुक्रबार
❐ 21 January 2022, Friday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।

# नागरिकलाई महामारीको पीर नेतालाई चुनावको चिन्ता

कोरोना महामारीको तेस्रो भेरियन्ट ओमिक्रोनका कारण घरघरमा संक्रमित देखिइरहेका बेला प्रमुख राजनीतिक दलका शीर्ष नेताहरुलाई भने चुनावको चिन्ता देखिएको छ । महामारीबाट नागरिकको जीवनरक्षा गर्नेबारे छलफल नगरेर नेताहरु चुनावी छलफलमा जुटेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ माघ ।

कोरानो महामारीको तेस्रो भेरियन्ट ओमिक्रोनको संक्रमण फैलिएसँगै राजधानी उपत्यकाका हरेकजसो घरमा बिरामी देखिएका छन् । स्वास्थ्य समस्या देखिएपछि कोरोना परीक्षण गर्नेको संख्या दैनिक २७ हजार नाघेको छ । बिहीबार २७,४९७ जनाको परीक्षण रिपोर्ट आउँदा ४४ प्रतिशत बढीमा संक्रमण पुष्टि भयो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, बिहीबार १२,३३८ जनामा संक्रमण पुष्टि भएको छ । तर निको हुने संख्या भने अत्यन्तै न्यून छ । बिहीबार ६४९ जना मात्रै निको भए । निको हुने संख्या न्यून भएपनि संक्रमित हुने संख्या दैनिक हजार भन्दा बढीले बढेको छ । बुधबार ११,३५२ जनामा संक्रमण पुष्टि भएको थियो । तर बिहीबार एक हजार बढीमा संक्रमण देखियो । बिहीबार थप चार जना संक्रमितको मृत्युभएको छ ।

राजधानी उपत्यकामा सवैभन्दा धेरै संक्रमित भेटिए । काठमाडौंमा मात्रै ५,००१ जनामा बिहीबार संक्रमण पुष्टि भयो । ललितपुरमा १,१३० र भक्तपुरमा ८५० जनामा संक्रमण पुष्टि भयो । तीन जिल्ला गरी राजधानी उपत्यकामा ६,९८१ जनामा संक्रमण पुष्टि भएको छ । राजधानी उपत्यका बाहिर मोरङमा३२६, सुनसरीमा २९८, कास्कीमा ३६६ र रुपन्देहीमा २०९ जनामा थप संक्रमण भएको छ । ५ सय भन्दा बढी सक्रिय संक्रिमत रहेको जिल्ला १४ नाघेको छ ।

उपचारत संक्रमितको संख्या ५७ हजार नाघेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, बिहीबारसम्म सक्रिय संक्रिमत संख्या ५७,३२८ पुगेको छ । संक्रमणदर उच्च भएपछि स्थानीय प्रशासनले रोकथामका लागि आवश्यक प्रोटोकललाई कडाइ गरेको छ । भीडजन्य गतिविधि रोकिएको छ । शैक्षिक संस्थाहरु माघको शुरुदेखि नै रोखिएको छ । आउने ९ माघदेखि विश्वविद्यालयहरुको परीक्षा पनि रोकिने भएको छ । त्रिभुवन विश्वविद्यालयले ९ माघदेखि सवै परीक्षा अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको छ ।

पूर्वाञ्चल विश्वविद्यालयले पनि निर्धारित परीक्षा स्थगित गरेको छ । आजदेखि राजधानी उपत्यकाका प्रशासनले खोप कार्ड अनिवार्य बोकेर हिड्न निर्देशन

– बाँकी पृष्ठ २ मा



धनगढी उपमहानगरपालिकाको कार्यालय परिसरमा कोरोना खोप लगाउनेको भीड । तस्वीर: रासस

## एमालेकै बाटोमा गठबन्धन !

सत्ता साझेदार दलका नेताहरुले तीनै तहको चुनाव वैशाखमा गर्नेगरी छलफल अगाडि बढाएका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ माघ ।

मुलुक कोरोना महामारीको प्रकोपले प्रताडित भइरहेका बेला निर्वाचन आयोग भने चार तहकै चुनावी तयारीमा छ । आउने साता राष्ट्रियसभाको निर्वाचन गराउने अन्तिम तयारीमा आयोग जुटेको छ । बिहीबार मात्रै कोरोना संक्रमण बढ्दै गएकाले स्वास्थ्य मापदण्ड पालना गर्न-गराउन आग्रह गरेको छ ।

आयोगले राष्ट्रियसभा निर्वाचनमा सहभागी हुने मतदाता, मतदान कर्मचारी, उम्मेदवार, दलका प्रतिनिधि, सुरक्षाकर्मी तथा स्वयंसेवक लगायतलाई आवश्यक प्रोटोकल पालना गर्न आग्रह गरेको हो । आउने १२ माघमा राष्ट्रियसभाको १९ पदका निम्ति चुनाव हुँदैछ ।

आयोगले मतदान केन्द्रमा प्रवेश गर्न अनुमति पाएका सबै व्यक्तिले पूर्ण खोप लगाएको प्रमाण देखाई मास्क लगाउनुपर्ने, मतदानस्थल प्रवेश अगाडि अनिवार्य साबुनपानीले हात धुने र स्यानिटाइजर प्रयोग गर्न भनिएको छ । राष्ट्रियसभा निर्वाचन संवैधानिक बाध्यता हो ।

यस्तैगरी आयोगले स्थानीय तह, प्रदेश र प्रतिनिधिसभा निर्वाचनको पनि तयारी गरिरहेको छ । स्थानीय सरकारको कार्यकाल आउने वैशाखदेखि असोजसम्म सकिदैछ ।

– बाँकी पृष्ठ २ मा



**कोरोना अपडेट**

| | |
|---|---|
| संक्रमित | : १२,३३८ |
| परीक्षण | : २७,४९७ |
| मृत्यु | : ४ |
| निको हुने | : ६४९ |

# मन्त्री यादवलाई बर्खास्त गर्न माग

**इसत्याक अहमद/मध्यान्ह**
रौटहत, ६ माघ

भौतिक पूर्वाधार मन्त्री रेणु यादवलाई बर्खास्त गर्न जनमत पार्टीले माग राखेको छ । मन्त्री यादवले हिंसा भड्काउनेगरी अभिव्यक्ति दिएकाले बर्खास्त गर्न जनमत पार्टीले माग राखेको छ । "अपराधिक अभिव्यक्ति दिने, हत्या-हिंसा भड्काउन खोज्ने र अर्को नरसंहारको षडयन्त्र रच्ने सो मन्त्रीलाई अविलम्ब बर्खास्त गर्नुपर्दछ", जनमत पार्टीले माग राखेको छ ।

मन्त्री यादवले गैर हत्याकाण्ड दोहोरिन सक्ने संकेत सहितको अभिव्यक्ति दिएका थिए । ५ माघमा मधेश केन्द्रीत दलहरुले 'बलिदानी दिवस' मनाउने गरेको छ । बलिदानी दिवस मनाउन मन्त्री यादव गौर गएकी थिइन् । तर मन्त्री यादवलाई सिके राउतका कार्यकर्ताले गौरमा अवरोध गरेका थिए । जनमत पार्टीले किसानको माग पूरा गर्न भन्दै चरणबद्ध आन्दोलन गरिरहेको छ । त्यस क्रममा संघीय मन्त्रीलाई मधेश प्रदेशमा प्रवेश रोक लगाउने जनमत पार्टीको कार्यक्रम छ । मन्त्री यादवलाई पनि जनमत पार्टीका कार्यकर्ताले अवरोधको प्रयास गरेका थिए । मन्त्री यादवले भने 'राइस मिल प्रकरण' दोहोरिन सक्ने चेतावनी दिएकी थिइन् । "राइस मिल अहिले पनि जीवित छ, लाठी भाँच्न यहाँका मानिसले जानेका छन्", मन्त्री यादवको भनाइ थियो । राइस मिलमा १५ वर्ष अगाडि माओवादीका २८ कार्यकर्ताको हत्या भएको थियो । २०६३ चैत ७ मा तत्कालीन मधेशी जनाधिकार फोरम र माओवादीले छुट्टा-छुट्टै कार्यक्रम राखेका थिए । तर दुई समूहबीच भड्किएको हिंसामा परी माओवादी कार्यकर्ताको हत्या भएको थियो ।

# संघमा विवाद बढ्दै

## असन्तुष्ट पक्षले लगाएको ताला तोडियो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ माघ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको बत्तीसपुतलीस्थित कार्यालयमा प्रगतिशिल वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको अगुवाइमा लगाइएको तालाबन्दी खुलाइएको छ । सहमतिअनुसार निर्वाचन गराएर नयाँ कार्यसमितिलाई नेतृत्व सुम्पनु पर्ने अवस्थामा निर्वाचन समिति नै भङ्ग गराएर वर्तमान कार्यसमितिलाई नै निरन्तरता दिन चाहेको भन्दै मञ्चका कार्यवाहक अध्यक्ष राजेन्द्र भण्डारी र पूर्वअध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीको नेतृत्वमा गत सोमबार तालाबन्दी गरिएको थियो ।

उनीहरूले निर्वाचन समितिले नयाँ नेतृत्व छनौटका लागि शुरू गरेको प्रकृयाले निरन्तरता पाउने अवस्था नबनेसम्म संघमा गरिएको तालाबन्दी भने कायमै रहने बताएका थिए । तर, त्यस विषयमा संघ पदाधिकारी र तालाबन्दीमा उत्रिएको मञ्चबीच छलफल बिना नै ताला तोडिएको जानकारी पाएको कार्यवाहक अध्यक्ष भण्डारीले बताए । असहमत पक्षसँग छलफल नै नगरी ताला तोड्ने प्रकृयाले संघको नेतृत्व फरक विचार र असहमत पक्षलाई पेलेर जाने चिन्तनमा देखिएको भन्दै यस विषयमा गम्भीर छलफल गरेर थप निर्णय गरिने भण्डारीले बताए ।




तालाबन्दीको नेतृत्व गरेका अर्का व्यवसायी पाण्डे क्षेत्रीले तत्कालीन अध्यक्ष विष्णु गैरेको निधन भएको २१ दिनभित्र साधारणसभा गर्नुपर्नेमा त्यसो नगरिएको र सहमतिमा जाने निर्णय भई सोअनुसार केही पदमा निर्विरोध भएको अवस्थामा सीसिएमसीको निर्णय देखाउँदै निर्वाचन समिति भङ्ग गर्नु र छलफलको दबावका लागि गरिएको तालाबन्दी पनि एकपक्षीयरूपमा तोड्नु आफुहरूका लागि गम्भीर विषय भएको बताए ।

संघको निर्वाचन अघि पार्टीका अध्यक्ष केपी ओलीसँग भएको एक छलफल उर्द्धत गर्दै पाण्डेले भने, "संघको अवस्थाबारे गम्भीर छलफल भएपछि अध्यक्षज्यूले नेपाल चिकित्सक संघमा पार्टी निकट चिकित्सकहरूले कहिल्यै चुनाव जित्दैनन् तर, चुनाव भने लडिरहेको भनेर प्रतिश्पर्धा गर्न निर्देशन दिएपछि आएको

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### यूट्युबरको आतंक प्रतिवाद गर्न आग्रह

काठमाडौं/मस- वैदेशिक रोजगार व्यवसायीहरूले कानुन हातमा लिएर व्यवसायी तर्साउने चलखेल भएको भन्दै एकताबद्ध भएर त्यसको प्रतिवाद गर्न आग्रह गरेका छन् ।

केही दिनयता आफुहरूलाई यूट्यूबर बताउने केही व्यक्तिहरूले सामाखुसीलगायत राजधानीका विभिन्न स्थानमा रहेका व्यवसायीहरूका कार्यालयमा अनधिकृत रूपमा पसी धम्कीपूर्ण भाषा प्रयोग गर्ने गरिएको र त्यसले वैदेशिक रोजगारीका लागि कामदारको भर्ना तथा अन्तरवार्ता प्रकृयामा अवरोध पुऱ्याएको भन्दै नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसोसिएसनका अध्यक्ष

– बाँकी पृष्ठ २ मा

# आजदेखि स्मार्ट लकडाउन

महामारी रोकथामका लागि राजधानी उपत्यकाका सवारी साधनमा शुक्रबार मध्यरातदेखि जोरबिजोर प्रणाली लागू हुने भएको छ ।

**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, ६ माघ ।

राजधानी उपत्यकाको सवारी साधनमा शुक्रबार मध्यरातदेखि जोरबिजोर प्रणाली लागू हुने भएको छ । काठमाडौं, भक्तपुर र ललितपुरका प्रमुख जिल्ला अधिकारीहरुको बैठकले सवारी साधनमा जोरबिजोर प्रणाली लागू गर्ने निर्णय गरेको हो ।

स्थानीय प्रशासनको निर्णयअनुसार, शुक्रबार मध्यरातदेखि सार्वजनिक तथा निजी सवारीसाधनमा जोरबिजोर प्रणाली लागूहुने भएको हो । ललितपुरका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्यायले स्मार्ट लकडाउनको कार्यविधिअनुसार, सार्वजनिक तथा निजी सवारी साधनमा जोरबिजोर प्रणाली लागू हुने भएको हो ।

कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी) र सरकारले रोकथामका लागि आवश्यक निर्णय गर्ने अधिकार स्थानीय प्रशासनलाई दिएको छ । सीसीएमसीको सिफारिस र मन्त्रिपरिषद्को निर्णयले दिएको अधिकार प्रयोग गर्दै उपत्यका प्रशासनले सवारी साधनमा जोरबिजोर प्रणाली लागू गर्ने भएको हो ।

आजैदेखि राजधानी उपत्यकामा सार्वजनिक स्थलमा हिँडडुल गर्न खोप कार्ड अनिवार्य गरिएको छ । खोप कार्ड नलिइ सार्वजनिकस्थलमा हिँडडूल गरे कारबाही गर्ने तयारी भइरहेको छ । त्यसबाहेक कोरोना रोकथामका लागि आवश्यक सर्तहरु पूरा गर्न पनि सर्वसाधरणलाई निर्देशन दिइएको छ । मास्क अनिवार्य लगाउने, स्यानिटाइजर प्रयोग गर्ने र अत्यावश्यक बाहेकका काममा घरबाहिर ननिस्कन निर्देशन दिइएको छ । अत्यावश्यक कामका लागि पनि उच्च सतर्कता अपनाउन निर्देशन दिइएको छ ।



तनहुँको दमौलीबाट छुट्ने सार्वजनिक सवारीमा यात्रा गर्ने यात्रुले मास्क लगाए/नलगाएको बारेमा जाँच गर्दै प्रहरी । तस्वीर: रासस

उपत्यका सहित देशभरको शैक्षिक संस्था बन्द गरिसकिएको छ । माघ ९ गतेदेखि पूर्वनिर्धारित परीक्षा अर्को सूचना जारी नभएसम्म स्थगित गरिएको छ । तर त्यसअघि दुईदिन भने परीक्षा हुनेछ । बाँकी परीक्षा अर्को सूचना जारी भएपछि हुनेछ । त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय र काठमाडौं विश्वविद्यालयले ९ माघदेखि हुने सबै परीक्षा स्थगित गरिएको छ ।

महामारी उत्कर्षमा पुगेपछि सरकारले लोकसेवा आयोगले परीक्षा पनि स्थगित गरेको छ । यसअघि नै भीडजन्य गतिविधिमा रोक लगाएको छ । फिल्म हल, सभा, समारोह लगायत गतिविधिमा पूर्ण रोक लगाइएको छ ।

# श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन गर्न माग

**काठमाडौं/मस**–नेपाल पत्रकार महासंघ उपत्यका प्रदेश समितिले श्रमजीवी पत्रकार ऐन, २०५२ को पूर्ण कार्यान्वयन गर्नुपर्ने माग गरेको छ ।

समितिले पछिल्लो समयमा कतिपय सञ्चारगृहले नियमित तलबलगायत सेवा सुविधा नदिएको तथा श्रमजीवी पत्रकार ऐन, २०५२ को पूर्ण कार्यान्वयन नगरेको भन्दै ऐनको कार्यान्वयन नगर्ने, विभिन्न बहानामा बिदा तथा बेतलबीमा राख्ने, ऐनअनुसार सेवा सुविधा उपलब्ध नगराउने सञ्चारगृहविरुद्ध आन्दोलन गर्ने समेत जनाएको छ ।

समितिको चौथो पूर्ण बैठकले कोरोनाको नयाँ भेरियण्टको संक्रमण तीव्ररुपमा फैलिएसँगै ‘




कोभिड-१९ उपत्यका संयोजन समिति’ (सिभिसीसी) लाई पुनः सक्रिय बनाएर पत्रकार तथा सञ्चारकर्मीको सहयोग लागि समन्वयकारी भूमिका निर्वाह गर्ने निर्णय पनि गरेको छ । विज्ञप्तिमा भनिएको छ, ‘कोभिडको नयाँ भेरियण्टको संक्रमण उच्च रहेकाले सावधानी अपनाएर रिपोर्टिङ तथा सञ्चारकर्ममा खटिन सबै पत्रकार तथा सञ्चारकर्मीमा आग्रह गर्ने निर्णय गरियो ।’ समितिले नेपाल पत्रकार महासंघको विधान विपरीत प्रदेशको सिफारिस बिना, प्रदेशलाई जानकारीसमेत नदिई केन्द्रीय कार्यालयबाट सदस्यता स्थानान्तरण, नवीकरणलगायतका कार्य भएको जानकारीमा आएकाले यस्ता कार्य अविलम्ब रोक्न केन्द्रसँग माग गर्ने भएको छ । सूचना तथा प्रसारण विभागबाट यसअघि प्रदान गरिँदै आएको लोककल्याणकारी विज्ञापन प्रकाशनबापतको भुक्तानीलगायतको काम हाल विज्ञापन बोर्डबाट गरिँदै आए पनि समयमै भुक्तानी नगर्ने, आफैँले पेज तोक्ने, सेवा सुविधाको बहानामा तीन प्रतिशत कट्टा गर्ने तथा अनावश्यक झन्झट दिने काम हुँदै आएको भन्दै त्यस्ता गतिविधि तत्काल सच्याउन समितिको माग छ ।

# उपत्यकामा ‘अनिवार्य मास्कको प्रयोग गरौँ’ अभियान शुरु

काठमाडौं/मस-ट्राफिक प्रहरीले काठमाडौं उपत्यकामा सञ्चालित सार्वजनिक बसका चालक, सहचालक र यात्रुलाई लक्षित गरी ‘अनिवार्य मास्कको प्रयोग गरौँ’ अभियान सुरुवात गरेको छ ।

महानगरीय ट्राफिक प्रहरी महाशाखाले नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको सहकार्यमा आजदेखि न्यूरोड गेटबाट ‘अनिवार्य मास्कको प्रयोग गरौँ’ अभियान सुरुवात गरेको हो । अभियानको महाशाखाका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक उमेशराज जोशी र महासंघका महासचिव सरोज सिटौलाले सार्वजनिक सवारीसाधनमा जनचेतनामूलक पर्चा टाँसेर शुभारम्भ गरेका हुन् ।

कार्यक्रममा महाशाखाका प्रमुख जोशीले मुलुकमा कोरोनाको तेस्रो लहर तीव्रगतिमा बढिरहेको बेलामा सार्वजनिक यातायातबाट हुनसक्ने संक्रमण रोक्नका लागि ‘अनिवार्य मास्कको प्रयोग गरौँ’ अभियान सुरुवात गरिएको बताए । सुरुको चरणमा १५ हजार सार्वजनिक सवारी साधनमा जनचेतनामूलक अभियान सञ्चालन गर्ने महाशाखाले जनाएको



छ ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका महासचिव सिटौलाले तेस्रो चरणको कोरोना संक्रमणका कारण यातायात मजदूर तथा यात्रुलाई थप क्षति नपुगोस् भन्ने उद्देश्यले उक्त अभियान सञ्चालन गरेको जानकारी दिए ।

‘अहिले राजधानीबाट सुरु गरेको यो अभियानलाई क्रमशः देशव्यापी लैजान्छौँ’, उनले भन । देशभरका यातायात मजदूरलाई अनिवार्य रुपमा मास्कको प्रयोग गर्नसमेत उनले आग्रह गरे ।

# मजदुरबाटै पुरातात्विक सामग्री चोरी


**काठमाडौं/मस**– काठमाडौं केशरमहलबाट पुरातात्विक महत्वका सामग्रीहरु चोरी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

महलबाट बाघको टाउको, महल बनाउने राणा कमाण्डर केशर शमशेरको पोशाक, तरवार लगायत चोरीको आरोपमा दुई जनालाई पक्राउ गरेको हो ।

महानगरीय अपराध अनुसन्धान महाशाखा, बानेश्वरका एसएसपी वसन्तबहादुर कुँवरका अनुसार चोरीमा संलग्न भएको अभियोगमा बुधबार दुई जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा दाङका १८ वर्षीय सुमन शर्मा र रुकुम पश्चिमका ३६ वर्षीय वीरबहादुर सुनार छन् ।

उनीहरुले केशर पुस्तकालयको ठूलो कोठो





कोठाभित्र संलकन गरी राखिएको सामग्री चोरी गरेर बोरामा राखेर फालेको अवस्थामा बरामद गरिएको एसएसपी कुँवरले बताए । शर्मा र सुनार ती सामान लिन जाँदा पक्राउ परेका थिए ।

शर्माले प्रहरीसँग बयान दिँदै ‘गणेश श्रीपालीले आफ्नो स्कुटर केशरमहलमा राखेको र लिन आउनू भनेकाले’ केशरमहल गएको दाबी गरेका छन् । तर गार्डले के सामान लिएर आएको भनेर सोधेपछि स्कुटर र सामान केशरमहलको कम्पाउण्डमा लगेर फरार भएको भनेका छन् । सामान बरामद गरेर अनुसन्धान गर्दा चोरीमा गणेशसँगै दिपन्द्र भन्ने देवेन्द्र केसीको पनि संलग्नता खुलेका छ । तर उनीहरु हालसम्म फरार छन् ।

## नागरिकलाई...

दिएको छ । जमघट हुने स्थानमा जाने हरेकले खोप कार्ड अनिवार्य बोक्नुपर्ने स्थानीय प्रशासनको निर्णय छ । आन्तरिक हवाइ उडानमा अनिवार्य खोपकार्डको व्यवस्था गरिसकेको छ । महामारी बढेकै कारण लोकसेवा आयोगले समेत पूर्व निर्धारित परीक्षा स्थगित गरेको छ ।

## एमालेकै....

२०७४ मा तीन चरणमा स्थानीय चुनाव भएकाले वैशाख देखि स्थानीय सरकारको कार्यकाल सकिन शुरु गर्छ। यसबारे आयोगले ताकेता गरिरहेको छ ।

तर विपक्षी दल नेकपा एमाले भने एकसूत्रीय चुनावी अभियानमा छ । स्थानीय चुनाव गराउन सरकारले नसक्ने र नचाहेको आरोप लगाएर एमालेको प्रमुख एजेण्डा चुनाव रहेको देखाएको छ। एमालेको दबावमा परेको सत्ता गठबन्धन पनि वैशाखमै चुनाव गराउने छलफलमा जुटेका छन् ।

सँगै, सत्तारुढ गठबन्धन प्रदेश र प्रतिनिधिसभा चुनाव निर्धारित समय अगाडि गराउने गृहकार्यमा लागेको छ । यो भनेको एमाले नेतृत्वले प्रतिनिधिसभा पूर्ण कार्यकाल चल्न नदिने र मध्यावधि गर्ने योजनाकै कार्यान्वयन हो। फरक त्यसबेला प्रतिनिधिसभा विघटन गरी मध्यावधि घोषणा गरिएको थियो। अहिले अर्लिइलेक्सन हुनेछ। तर एमालेले संसद् चल्न नदिएकाले वैशाखमै चुनाव गराएर एमालेलाई साइजमा ल्याउने रणनीतिमा गठबन्धनका दलहरु देखिएका छन्।

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले बिहीबार नै प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग भेटवार्ता गरेका छन्। प्रधानमन्त्री देउवासँग अध्यक्ष नेपालले तीनै चुनाव एकैपटक गर्नेगरी छलफल गरेका छन् । त्यसका लागि थप निर्णय लिनका निम्ति आज सत्तारुढ गठबन्धनको बैठक बस्दैछ । दिउँसो ४ बजे बस्ने गठबन्धनको बैठकले तीन वटै चुनाव एकैपटक गर्नेगरी निर्णय लिने संभावना रहेको नेताहरुले बताएका छन् ।

## संघमा...

तर, निर्वाचन प्रकृया नै भाड्ने काम भयो। अब संघमा सँगै बसेर सधैंको किचकिच गरेर कसैको भलो हुँदैन भन्ने निष्कर्षमा पुगेका छौं ।”

पाण्डेले अब वैदेशिक रोजगार व्यवसायी महासंघ गठन गरेर फरक विचार राख्ने व्यवसायीलाई आत्मसमर्पण गराउने प्रवृत्तिको अन्त्य गरिने दाबी गर्दै अर्को हप्ताबाट त्यसका लागि कानुनी प्रकृया शुरू गर्ने तयारी गरेको बताए ।

संघका कार्यवाहक अध्यक्ष कमल तामाङले भने व्यवसायी र कामदारको हितका लागि खोलिएको संघमा तालाबन्दी गर्नु नाजायज भन्दै आफू प्रकृयासम्मत चलेकोले झिनामसिना कुराको पछि लागेर समय बर्वाद गर्ने पक्षमा नरहेको टिप्पणी गरे ।

## यूट्युबरको ....

नरेन्द्रप्रसाद ढकालले अनाधिकृत व्यक्ति वा समूहबाट कार्यालयमा प्रवेश गरेमा नजिकैको प्रहरी, एसोसिएसन कार्यालय, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र वैदेशिक रोजगार विभागलाई जानकारी दिन व्यवसायीलाई आग्रह गरे ।

उनले विभागमार्फत गृह मन्त्रालयसँग छलफल गरि स्वतन्त्रतापूर्वक पेशा व्यवसाय गर्ने व्यवसायिक अधिकारको रक्षा र सुरक्षा प्रदान गराउन समेत पहल गरिने उनले बताए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तृतीय उपाध्यक्ष किशोर केसीले कामदारका जायज गुनासो भएमा वैदेशिक रोजगार ऐनको व्यवस्थाअनुसार वैदेशिक रोजगार विभागले छलफल गराई न्याय निरोपण गर्ने अवस्था रहेको अवस्थामा आफुहरूले नै न्याय दिलाउने भन्दै व्यवसायीका कार्यालयहरूमा अनाधिकृत रूपमा प्रवेश गर्ने प्रवृतिले व्यवसायीहरूमा भय र त्रासको वातावरण सिर्जना गराउन थालेको बताए । उनले भने, “व्यवसायीका कार्यालयमा जोर जबरजस्ती गर्ने कार्यले व्यवसायीहरूमा त्रास बढेर असुरक्षाको वातावरण बन्दै आएको छ ।”

**QATAR मा रोजगार** कम्पनी : JABAL AL ARAB GENERAL CONTRACTING WLL

पुर्व स्वीकृत मितिः २०७८/१०/२० | चलानी नं.: ६०१७३०३९ | L.T. No.: 256546

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,८९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourer | 29 | 0 | | 1100 | ३५,८९३ | | | | | | | |
| 3. | Mason | 6 | 0 | | 1100 | ३५,८९३ | | | | | | | |
| 4. | Mechanic | 1 | 0 | | 1100 | ३५,८९३ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ १४ गते (28 January 2022) हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

मा पद्मा प्लेसमेन्ट प्रा. लि.
श्रम ईजाजत नं.: ९३६/०६७/०६८
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं. : ४३५४९६०, ४३५४९०६

**Invitation For Bids**

# Gramthan Rural Municipality

## Office of the Rural Municipal Executive

### Tetariya, Morang

### Province No. 1, Nepal

Date of publication: 2078/10/07

1. *Gramthan Rural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang* invites electronic bids from Nepalese eligible bidders for the construction of ***work as stated in table below***.
2. Bidders shall have the option of submitting their bids electronically only.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank : NIC ASIA BANK,Biratnagar, Pushpalal branch office**
   **Account Name (Gramthan Gaupalika GA -1.1 GRAMTHAN GAUPALIKA ANTARIK RAJASWA SEWA)**
   **Account no. : 0692050005836007 Contract ID and name of Project should be clearly written in Voucher**
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before ***12:00 PM 20th Feb*** 2022 **.** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2:00 PM 20th Feb*** 2022 at the office of **Gramthan Rural Municipality, Tetariya, Morang.** Bids must be accompanied by a bid security cash desposit or scanned copy of the bid security/cash deposit voucher in .pdf format, amounting to a minimum of **specified in table below**, which shall be valid for 30 days beyond the validity period of the bid.`
   **Information to deposit the Bid Security in Bank:**
   Name of the Bank: NIC ASIA BANK, Biratnagar, Pushpalal branch office
   Account Name (Gramthan Gaupalika GA -3 Dharauti Khata) Office Account no.: 6941000583652403
6. The Gramthan Rural Municipality, Tetariya, Morang reserves the right to accept or reject bids without assigning any reason, whatsoever.
7. Any Change or amended in bid or bidding document will be posted on our office notice board/website/egp website only.
8. For other information and enquiries contact us on our Telephone **No.: 9852074744 or Email: ito.gramthanmun@gmail.com.**

| S. N. | Contract ID/IFB No. | Description | Estimated Amount (with VAT) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | GramthanRural/ncb/ Works/13-078/079 | Construction of ward office Building Compound Wall | 3363976.80 | 3000 | 82000 | |
| 2 | GramthanRural/ncb/ Works/14-078/079 | Construction of ward 5 office Building Compound Wall | 1534416.54 | 3000 | 38000 | |
| 3 | GramthanRural/ncb/ Works/15-078/079 | Ka. Pa. Radhakrishna mandir dekhi sabik 3 ra 4 jodne sadak kalopatre ward no.2 (0+237.5to0+329) | 1330190.77 | 3000 | 33000 | |
| 4 | GramthanRural/ncb/ Works/16-078/079 | Kapa Pidarboni dekhi paschim 1 no. wada karyalya jane sadak kalopatre (CH-0+376.75 to 0+512 ) | 1998319.82 | 3000 | 49000 | |
| 5 | GramthanRural/ncb/ Works/17-078/079 | Gopals House to Bachus House Road | 7161590.65 | 3000 | 174000 | |
| 6 | GramthanRural/ncb/ Works/18-078/079 | Kumar Lals House to Jhawarlal House Road Wada-5 | 7185338.56 | 3000 | 174000 | |
| 7 | GramthanRural/ncb/ Works/19-078/079 | ward no-06 ko public campus jane bato pitch (CH-0+275.5 to 0+238) | 912094.33 | 3000 | 23000 | |
| 8 | GramthanRural/ncb/ Works/20-078/079 | Kapa kalabanzar paschim khel maidan jane sadak kalopatre (CH-0+565 to 0+758 ) | 2441518.38 | 3000 | 59000 | |
| 9 | GramthanRural/ncb/ Works/21-078/079 | Bhedibathan dekhi 4 no. wada karyalya jodne sadak kalopatre (CH-0+262.50 to 0+354) | 1256469.02 | 3000 | 31000 | |
| 10 | GramthanRural/ncb/ Works/22-078/079 | Bange chowk dekhi dakshin jane bato pitch (CH-0+244 TO 0+311) | 718778.99 | 3000 | 18000 | |

**Chief Administrative Officer**

# बागमती प्रदेश मन्त्रिपरिषद् बैठक : स्वेतपत्र जारी गर्ने निर्णय




**मकवानपुर/मस-** बागमती प्रदेश मन्त्रिपरिषद् बैठकले श्वेतपत्र जारी गर्ने निर्णय गरेको छ। मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेको अध्यक्षतामा बिहीबार बसेको बैठकले प्रदेश सरकार गठन भएदेखि हालसम्मको समीक्षा गर्दै श्वेतपत्र जारी गर्न निर्णय गरेको हो ।

प्रदेश सरकारले हालसम्म गरेको कामको अनुभवसहित प्रगति, कमीकमजोरी र वर्तमान अवस्थालाई समेटेर श्वेतपत्र जारी गरिने सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानूनमन्त्री कृष्णप्रसाद शर्मा खनालले जानकारी दिए । श्वेतपत्र जारी गर्न आर्थिक मामिला तथा योजनामन्त्री शालिकराम जम्मकट्टेलेको संयोजकत्वमा श्वेतपत्र लेखन समितिसमेत निर्माण गरिएको छ। मुख्यमन्त्री पाण्डेको संयोजकत्वमा उच्चस्तरीय अनुगमन समितिसमेत गठन गरिएको छ । मन्त्रीहरु नै संयोजक रहने गरी राजनीतिक, प्रशासन तथा विधेयक, आर्थिक सामाजिक तथा पूर्वाधार समिति वैठकले गठन गरेको पनि उनले जानकारी दिए ।

मन्त्रिपरिषद्को बैठकले मन्त्रालयको कर्मचारी सङ्गठन संरचना र दरबन्दी स्वीकृत गरेको छ । प्रादेशिक संरचना निर्माण गर्न प्रदेशका प्रमुख सचिवको संयोजकत्वमा जग्गा पहिचान समिति गठन गरिएको छ । समितिलाई प्रतिवेदन बुझाउन सात दिनको समय सीमा दिइएको छ । बैठकले प्रदेशको वित्तीय सुशान जोखिम मूल्यांकन कार्यविधि, २०७८ समेत स्वीकृत गरेको छ।

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
राष्ट्रिय खाद्य अनुसन्धान केन्द्र
खुमलटार, ललितपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०७८/१०/०७

यस केन्द्रको मिति २०७८/०९/०४ गतेको गोरखापत्रमा प्रकाशित शिलबन्दी बोलपत्र सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित बोलपत्रहरु न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को उपदफा २७ को प्रयोजनका लागि आजैको मिति देखि यो ७ दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धीत सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | कामको बिबरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल गरेको रकम (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| 1 | NFRC//NCB/ Works/01-078/79 | Finishing Work for Office Building at NFRC,Khumaltar,Lalitpur | Shree A Plus Design & Construction Pvt.Ltd.-Mahalaxmi-04-Lalitpur-Nepal | १४,९५,३३०.५२ |


# उच्च अदालत पाटनका १३ न्यायाधीशलाई कोरोना




**काठमाडौं/मस-**उच्च अदालत पाटनका १३ न्यायाधीश कोरोना भाइरसबाट संक्रमित भएका छन् ।

अदालतका रजिष्टार ठगेन्द्र कट्टेलका अनुसार ५७ कर्मचारीमा समेत कोरोना संक्रमण पुष्टि भएको छ । यस्तै सर्वोच्च अदालतमा एक न्यायाधीश र ३९ कर्मचारी कोरोनाबाट संक्रमित भएका छन् ।

सर्वोच्च अदालतका प्रवक्ता बाबुराम दाहालका अनुसार देशभरिका अदालतमा न्यायाधीश र कर्मचारीसहित १५० भन्दा बढीलाई कोरोना संक्रमण भएको छ ।

# अत्यावश्यक बाहेकका सेवा वन्द




**चितवन/मस-** जिल्ला प्रशासन कार्यालयले यही माघ ७ गतेदेखि १४ गतेसम्म अत्यावश्यक बाहेकका सेवा बन्द गर्ने भएको छ ।

शुक्रबारदेखि लागू हुने गरी शान्ति, सुरक्षा र मुद्दासम्बन्धी अत्यावश्यक बाहेकका सबै सेवा रोकिने जनाएको छ । प्रमुख जिल्ला अधिकारी आस्मान तामाङद्वारा जारी जरुरी सूचनामा कार्यालयमा कार्यरत विभिन्न फाँटका कर्मचारी कोभिड-१९ बाट संक्रमित भई उपचाररत तथा आइसोलेशनमा रहेकाले सेवा स्थगन गरिएको उल्लेख गरिएको छ । सहायक प्रमुख जिल्ला अधिकारी चीरञ्जीवी शर्माले तीन कर्मचारीमा कोरोना संक्रमण देखिएको र अन्य केहीको परिवारका सदस्यहरुमा कोभिड-१९ को संक्रमण देखिएकाले उनीहरु आइसोलेशनमा रहेको जानकारी दिए । नागरिकता जारी गर्ने, राहदानी, संस्था नवीकरणलगायत नियमित काम माघ १४ गतेसम्म रोकिने भएका छन् ।

# जलेर वृद्धाको मृत्यु

**सर्लाही/मस-** सर्लाहीको गोडैता नगरपालिकामा आगोबाट जलेर एक वृद्धाको मृत्यु भएको छ।

मृत्यु हुनेमा गोडैता नगरपालिका-११ की ७५ वर्षीय देवकली साहदेवी रहेको छ । अत्यधिक जाडोका कारण बुधबारराति आफ्नै घरमा घुर बालेर ताप्ने क्रममा उनले लगाएको कपडामा आगो सल्किन गई जलेर गम्भीर घाइते भएकी देवकलीको जिल्ला अस्पताल मलङ्गवामा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी निरीक्षक सुरेश ठाकुरले जानकारी दिए ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०७८/०९/२५ गते भृकुटी मण्डपबाट पार्किङ गरि राखेको बाग्मती प्रदेश ०२-०३२ प ५८२९ Pulsar 220 CC को मोटरसाईकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनी : सागर बहादुर बम्जङ्ग
च्यासिस नं : MD2A13EX2MCE90399
इन्जीन नं : DKXCME11991
सम्पर्क नं : 9851060425

**Invitation for Bids**

Government of Nepal
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Federal Highway Supervision and Monitoring Office**
**Road Division, Dang**

**Invitation for Bid No: RDDNG/078/79-07**

Date of publication: 2078/10/07 (21st Jan 2022)

1. **Road Division, Dang** invites Open Competitive Bidding from eligible Nepali bidders for the construction of following works under National Competitive Bidding procedures.

| S. N. | Contract Number | Description of works | Fee for Bidding Document NRs. | Bid Security Amount NRs. | Qualifying Criteria | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | AACT NRs | Credit Facilities NRs | Bid Capacity NRs |
| 1 | RDDNG/337310113/ 078/79-50 | Road Upgrading and Rehabilitation works along Rapti Rajmarg (Chorkhola-Shitalpati Section Ch 48+600 to 52+000) Road in Salyan District. | 5000 | 1,300,000 | 73,000,000 | 12,000,000 | 43,000,000 |
| 2 | RDDNG/337310113/ 078/79-51 | Road Upgrading and Rehabilitation works along Rapti Rajmarg (Chorkhola-Shitalpati Section Ch 60+000 to 64+000 & 67+000 to 72+000) Road in Salyan District. | 5000 | 1,300,000 | 73,000,000 | 12,000,000 | 43,000,000 |
| 3 | RDDNG/337310113/ 078/79-52 | Road Upgrading and Rehabilitation works along Rapti Rajmarg (Chorkhola-Shitalpati Section Ch 72+000 to 78+000) Road in Salyan District. | 5000 | 1,300,000 | 73,000,000 | 12,000,000 | 43,000,000 |
| 4 | RDDNG/337310113/ 078/79-53 | Road Upgrading and Rehabilitation works along Rapti Rajmarg (Chorkhola-Shitalpati Section Ch 78+000 to 83+000) Road in Salyan District. | 5000 | 1,300,000 | 73,000,000 | 12,000,000 | 43,000,000 |

2. Purchase, Submission and Opening:

| Activity | Date | Time | Place |
|---|---|---|---|
| Purchase of Bidding Document | Upto 2078/11/08 (20th Feb 2022) | Upto 17:00 hrs | PPMo's website www.bolpatra.gov.np/egp |
| Submission of Bid | Upto 2078/11/09 (21st Feb 2022) | Upto 12:00 hrs | |
| Opening of Bid | Upto 2078/11/09 (21st Feb 2022) | 13:00 hrs | Road Division, Dang |

Bidder should submit their bid electronically after downloading the bidding documents from PPMO's website www.bolpatra.gov.np/egp. Bidders should deposit the Fee of bidding document in the Revenue account as specified below and scanned copy (*.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Bank | Revenue Account Number | Office code | Revenue Heading No |
|---|---|---|---|
| Nepal Bank Limited | 00101-00000000-1001001 | 337015601 | 1-4-2-2-9 |

3. Bids must be valid for a period of **90 days** from opening of the bids and must be accompanied by Cash Security (should be deposited in Deposit Account No. 02702000000003000001 at Nepal Bank Limited, Ghorahi, Dang) or Bank Guarantee (issued by A class commercial bank), amounting to a minimum of as mentioned above, which shall be valid for **30 days beyond the validity period of the bid.**
4. Please refer to the complete set of bidding documents (available at PPMO's website www.bolpatra.gov.np/egp) for further information about invitation of bids, purchase of bidding document, submission & opening of bids; and evaluation & qualification criterion.

**Division Chief**

**माइग्रेशन सर्टिफिकेट हरायो**

मिति २०७८/०८/०७ गते दुवाकोट देखि त्रिचन्द्र कयाम्पससम्म जाँदा मेरो निम्न व्यहोरा भएको १०+2 को माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध गर्दछु।

नामः दिलदार हुसैन
रजिष्ट्रेशन नं.:७३३४०५१०५
सिम्बोल नं: २३४०२१७०
सम्पर्क नं.:९८४५९८९९६६

**कर्मचारी आवश्यकता**

तलब आपसी समझदारीमा

यस म्यानपावर कम्पनीको लागि निम्न-लिखित कर्मचारी आवश्यकता भएको हुदाँ दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

1. PRO :4 (Male/Female)
2. Accountant :1 (Male/Female)
4. Receptionist :2 (Female)
5. Documentation :2 (Male/Female)

म्यानपावर क्षेत्रमा कम्तीमा ३ वर्षको अनुभव भएकाहरुलाई ग्राहयता दिईनेछ ।

**Winner HR Solution Manpower Pvt. Ltd.**
Ganesh Basti, Near to Indreni Food land, Maharajgung, Ktm
Contact No. 9851026746

**HOSPITALITY TRAINING**

Hilton Academy Pvt.Ltd. A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation

विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौं

सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

# आपत्तिजनक अभिव्यक्ति

भौतिक पूर्वाधार मन्त्री रेणु यादवको अभिव्यक्ति विवादमा तानिएको छ । जनता समाजवादी पार्टी (जसपा) का नेता रहेकी मन्त्री यादवले हिंसा भड्काउने प्रकृतिको अभिव्यक्ति दिएकी थिइन् । मधेश आन्दोलनका शहीदहरूको सम्झनामा वर्षेनि जसपाले मनाउने 'बलिदानी दिवस' मनाउन रौतहटको गौर पुगेकी यादवलाई सिके राउत नेतृत्वको जनमत पार्टीका कार्यकर्ताले अवरोधको प्रयत्न गरेका थिए । सिके राउतका कार्यकर्ताले अवरोध गरेपछि मन्त्री यादवले हिंसा भड्काउन मद्दत पुग्नेगरी अभिव्यक्ति दिएकी थिइन् । उनले अभिव्यक्ति थियो– राइस मिल अहिले पनि जीवित छ, लाठी भाँच्न यहाँका मानिसले जानेका छन् । मन्त्री यादवको उक्त अभिव्यक्तिप्रति जनमत पार्टीले आपत्ति जनाउँदै कारबाहीको माग गरेको छ । २८ जना माओवादी कार्यकर्ताको हत्या भएको उक्त घटना दोहोरिने अभिव्यक्ति दिएपछि मन्त्री यादवको आमरूपमै आपत्ति प्रकट गरिएको छ ।

तत्कालीन मधेशी जनाधिकार फोरम र माओवादीले २०६३ चैत ७ मा छुट्टा–छुट्टै कार्यक्रम राखेका थिए । तर दुई समूहबीच भड्किएको हिंसामा परी माओवादीका २८ कार्यकर्ताको हत्या भएको थियो । अहिले पनि उक्त घटना गौर हत्याप्रकरणका नामले चिनिन्छ । तिनै हत्या प्रकरण दोहोरिने चेतावनी दिएपछि जनमत पार्टीले पदबाट बर्खास्त गर्न माग गरेको छ । "अपराधिक अभिव्यक्ति दिने, हत्या–हिंसा भड्काउन खोज्ने र अर्को नरसंहारको षडयन्त्र रच्ने सो मन्त्रीलाई अविलम्ब बर्खास्त गर्नुपर्दछ", जनमत पार्टीको माग छ । मन्त्री यादव पहिलोपटक विवादित बनेकी होइनन् । यसअघि पनि मन्त्री हुँदा कानून हातमा लिनेगरी सिडियोमाथि हातपातमा उत्रेकी थिइन् । उक्त कदमपछि उनको चर्को आलोचना भएको थियो ।

दुई वर्ष अगाडि तत्कालीन समाजवादी पार्टी, नेपाल विभाजन गर्ने प्रयत्नमा समेत उनको नाम जोडिएको थियो । तर राजनीतिक उतारचढाबका कारण यादवले प्रयत्न सफल हुन सकेन । विकसित राजनीतिक घटनाक्रममा यादव वर्तमान सरकारमा मन्त्री छन् । मन्त्री भएकै बेला यादवले हिंसा भड्काउने चुनौती खुलेर दिएकी छन् । कुनैपनि सार्वजनिक व्यक्तिले यस्तो अभिव्यक्ति दिनु आपत्तिजनक छ । अझ कानूनको कार्यान्वयन गर्नुपर्ने ठाउँमा रहेकी मन्त्री यादवको यस्तो अभिव्यक्ति क्षम्य हुन सक्दैन । राजनीतिक विश्वास र कानूनी शासनको प्रत्याभूति दिलाउन पनि मन्त्री यादवमाथि प्रधानमन्त्री शेरबहादुर देउवाले आवश्यक निर्णय लिन आवश्यक छ ।

# एमसीसी र राष्ट्रघात

जब अमेरिकाले एशियाली मुलुकहरुलाई आफ्नो सुरक्षा छाताभित्र राखेर चीनलाई विभिन्न तरिकाले घेराउ गर्ने र आवश्यक परे फौजी रुपमै भिड्ने योजना बनाउन थाल्यो, त्यसै परिपेक्षमा रहेर तत्कालीन भारतका सैनिक जनरल गुर्दिप गुरानाले सन् २००८ मा 'इन्डो प्यासिफिक स्ट्रेटेजी' अवधारणा अगाडि सारेका थिए ।

अग्रलेख



● हस्तबहादुर केसी

अमेरिकाको मिलिनयम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) भनेको के हो ? यसको लक्ष्य र उद्देश्य के हो ? यस विषयमा नेपालमा ठूलो छलफल र बहस किन भइरहेको छ ? यस विषयलाई लिएर नेपालका राजनीतिक पार्टीहरु किन विभाजित भइरहेका छन् ? संयुक्त राज्य अमेरिकाले किन नेपालमा एमसीसी पारित गराउन यहाँका संसदवादी राजनीतिक दलहरू जो आलोपालो गरि सत्ता सञ्चालन गरिरहेका छन्, उनीहरूलाई किन दबाब दिइरहेको छ ? सत्तापक्ष र विपक्षमा रहेका नेपालका संसदवादी राजनीतिक दलहरू पनि राष्ट्रघाती एमसीसी परियोजना संसदबाट पारित गराउन किन हतारिरहेका छन् ?

यस प्रकारको गम्भीर परिस्थितिमा नेपालका क्रान्तिकारी कम्युनिस्ट पार्टीहरुको भूमिका र दायित्व के हो ? अन्य देशभक्त तथा जनवादी शक्तिहरुको भूमिका र दायित्व के हो ? र आम देशभक्त तथा राष्ट्रवादी नेपाली जनताको भूमिका र दायित्व के हो ? भन्ने बारेमा अहिले नेपालमा गम्भीर छलफल र बहस भइरहेको छ । र यस प्रकारको राष्ट्रघाती एमसीसी प्रोजेक्टलाई नेपालले र कसरी खारेज गर्न आवश्यक छ ? यसै सेरोफेरोमा रहेर यो लेख्ने प्रयत्न गरिएको छ ।

### एमसीसीको सुरुवात कसरी भयो ?

मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) अमेरिकी सरकारको सहायक संगठन हो । संयुक्त राज्य अमेरिकाले यसलाई सन् २००४ सालमा निर्माण गरेको हो । अमेरिकाले विश्वका आफूभन्दा साना राष्ट्रहरुमा आर्थिक सहयोग उपलब्ध गराएर ती देशका शासकहरुलाई दलाल बनाउने र स्वार्थसिद्ध गर्ने उद्देश्यले यसको निर्माण गरेको हो । र यसैमार्फत नेपाल जस्तै विश्वका गरीब, विपन्न र पछौटे देशहरुलाई डलर रुपी हरियो घास देखाएर आफ्नो पक्षमा ल्याउने र आफ्नै काबुभित्र राख्ने रणनीति लिएको छ ।

एमसीसीका माध्यमबाट विश्वका ८१ देशहरूमा प्रवेश गरिसकेको छ र कुनै पनि देशलाई यसले समृद्धि तुल्याएको प्रमाण छैन । बरु उल्टै ती देशहरूबाट प्राकृतिक साधन स्रोतहरु, खनिज पदार्थहरु, बहुमूल्य हिरामोती, सुन, फलाम, सिसा युरेनियमजस्ता बहुमूल्य धातुहरु लैजाने र देशभित्र गृह युद्धसम्म मच्चाइदिएर ध्वंस पार्नेसम्मको काम गर्दै आएको छ । पछिल्लो ताजा उदाहरण अफगानिस्तान बनेको छ ।

### इन्डोप्यासिफिक सैन्य रणनीतिको अंग

मिलेनियम च्यालेञ्ज कर्पोरेसन मुख्यतः इन्डोप्यासिफिक सैन्य रणनीतिको अंग हो । खासगरि यो परियोजना अमेरिकी सरकारको रक्षा मन्त्रालयको मातहतमा रहेर परिचालन गरिने गरि सन् २००३ पछिबाट अगाडि सारिएको परियोजना हो ।

सन् २००० पछि चीन एशियाभरकै हरक्षेत्रमा शक्तिशाली राष्ट्रकै रुपमा विकसित हुन पुग्यो । त्यसपछि संसारमै एक मात्र महाशक्ति राष्ट्र कहलिएको अमेरिका झस्किन पुग्यो । त्यसपछि नै अमेरिकाले एशियाली मुलुकहरुलाई आफ्नो सुरक्षा छाताभित्र राखेर चीनलाई विभिन्न तरिकाले घेराउ गर्ने र आवश्यक परे फौजी रुपमै भिड्ने योजना बनाउन थाल्यो । त्यसै परिपेक्षमा रहेर तत्कालीन भारतका सैनिक जनरल गुर्दिप गुरानाले सन् २००८ मा 'इन्डो प्यासिफिक स्ट्रेटेजी' अवधारणा अगाडि सारे ।

र, त्यो परियोजना संयुक्त राज्य अमेरिकाको 'सैन्य रणनीति' अन्तर्गत अमेरिका, भारत, अष्ट्रेलिया र जापानको अगुवाइमा ती चार देशका वरपर रहेका अन्य देशहरूलाई समावेश गरेर विकासको आवरणमा फौजी रणनीतिलाई बलियो बनाउने र चीनलाई घेरा हाल्ने, क्षतविक्षत पार्ने रणनीति बनाइयो । यो परियोजना नेपालभन्दा केही अगाडि श्रीलंकामा लागु गर्न खोजिएको थियो तर, त्यहाँको संसद र सरकारले त्यसलाई ठाडै अस्वीकार गरेर फिर्ता गरिदिएका थिए ।

### नेपालमा कसरी भित्र्याइयो ?

२०७४ भदौ २९ गते तदनुसार सन् २०१७ सेप्टेम्बर १४ का दिन तत्कालीन नेपाल सरकारका गृहमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र अमेरिकी एमसीसी परियोजनाका प्रमुख कार्यकारी अधिकृत (कायममुकायम) जोनाथन जी. नाश काबीच अमेरिकाको राजधानी वासिङ्टन डिसीमा हस्ताक्षर गरेर भित्र्याइएको थियो । यसको परिचालनको लागि विधान बनाइएको छ । त्यो अंग्रेजी र नेपाली दुबै भाषामा छापिएको छ । हामीले नेपाली र अंग्रेजी दुबैलाई सँगै राखेर पढेमा मात्र राम्रोसँग बुझ्न सकिन्छ । अंग्रेजीबाट नेपालीमा अनुवाद गर्ने क्रममा सरकारले निकै बदमासी गरेको पाइएको छ ।




> अमेरिका एमसीसीका माध्यमबाट विश्वका ८१ देशहरुमा प्रवेश गरिसकेको छ र कुनै पनि देशलाई यसले समृद्धि तुल्याएको प्रमाण छैन । बरु उल्टै ती देशहरूबाट प्राकृतिक साधन स्रोतहरु, खनिज पदार्थहरु, बहुमूल्य हिरामोती, सुन, फलाम, सिसा युरेनियमजस्ता बहुमूल्य धातुहरु लैजाने र देशभित्र गृह युद्धसम्म मच्चाइदिएर ध्वंस पार्नेसम्मको काम गर्दै आएको छ । पछिल्लो ताजा उदाहरण अफगानिस्तान बनेको छ ।

### नेपालमा एमसीसीबारे बहस

यतिबेला नेपालमा राष्ट्रघाती एमसीसी प्रोजेक्ट नेपालको संसदबाट पारित गरेर लागू गर्नुपर्छ भन्ने र होइन यो राष्ट्रिय हित विपरीत छ, सोझै खारेज गरेर फिर्ता गर्नुपर्छ भन्ने विषयमा व्यापक छलफल र बहस चलिरहेको छ । यसले गर्दा आज समग्र देश दुई कित्तामा विभाजित भएको छ । एउटा अवसरवादी पक्ष चाहिँ केही बुँदाहरु संशोधन गरेर पारित गर्नुपर्छ भन्ने पक्षमा रहेको छ । सत्तारुढ नेपाली कांग्रेस र प्रमुख प्रतिपक्ष नेपाल कम्युनिस्ट पार्टी (एमाले) हुबहु संसदबाट पारित गरेर लागु गर्नुपर्छ भन्ने पक्षमा लागि पर्दै आएको छ भने सत्तामा टाँसिएको नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) संशोधनसहित पारित गरिनुपर्छ भन्दै आएका छन् ।

यस अतिरिक्त नेकपा (क्रान्तिकारी माओवादी) विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, ऋषि कट्टेल नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, नेपाल कम्युनिस्ट पार्टी (मसाल) लगायत २३ दलीय गठबन्धन कुनै पनि हालतमा एमसीसी संसदबाट पारित गरेर लागु गरिनु हुँदैन भनिरहेका छन् । यसलाई कुनै पनि तरिकाले नेपालभित्र प्रवेश गराइनु हुँदैन भन्दै लामो समयदेखि सडक संघर्ष सञ्चालन गर्दै आएका छन् । जुन संघर्षका कारण तत्कालिन ओलीले नेतृत्वको सरकार होस् या वर्तमान सत्ताको नेतृत्व गरिरहेको नेपाली कांग्रेस होस् यिनीहरुले निर्णय गर्न सकिरहेका छैन । तर, जसरी तसरी पनि पास गराई छाड्ने योजनामा उनीहरु लागिपर्दै आएका छन् । र आम नेपाली जनता राष्ट्रघाती एमसीसी परियोजनाका विपक्षमा खडा हुन पुगेका छन् ।

### एमसीसी प्रोजेक्टका मान्यताहरु

एमसीसीको विधान धारा ७ को दफा ७ (क) : प्रस्तुत सम्झौता लागू भएपछि प्रस्तुत सम्झौतामा उल्लेखित र नेपालको राष्ट्रिय कानुन बाझिएमा नेपालको कानुन लागू नभएर अमेरिकी कानुन लागू हुनेछ - भनिएको छ । यसबाट के कुरा स्पष्ट हुन्छ भने यसले नेपालको राष्ट्रियतामाथि सोझै धावा बोल्ने काम गरेको छ । जसको सिधा अर्थ, नेपालको कानुन लागु नभएर अमेरिकी कानुन लागू हुनेछ ।

(ख) धारा ५ को (क) र (ख) - अमेरिकी सरकारले चाहेमा जुनसुकै बेला पनि यो संझौता रद्ध गर्न सक्नेछ । यसबाट के स्पष्ट हुन्छ भने यो सम्झौता नेपालको इच्छाअनुसार नभएर पुरै अमेरिकी इच्छाबमोजिम हुने भएकोले नेपाल अधिकार बिहीन हुनेछ । अनुसूची १(ग) को २ - यस परियोजनामा नेपाल सरकारले राज्यको कुनै पनि निकायलाई खटाउनु पर्दा एमसीसीको स्वीकृति लिनुपर्नेछ । धारा ३ को दफा ३ (२) (च)- सम्पूर्ण बौद्धिक सम्पत्ति अमेरिकाको पूर्ण अधिकार हुनेछ । धारा ३ को दफा ३ (८) (क)- परियोजनाको लेखापरिक्षण अमेरिकाको कम्पनीले मात्रै गर्न सक्नेछ । अनुसूची ४ (क) - नेपाल सरकारले एमालेलाई चित्त बुझ्ने योजना तयार पारी पठाउनुपर्नेछ र त्यस्तो योजना भारत सरकारले समर्थन गरेको हुनुपर्नेछ ।

माथि उल्लेखित अमेरिकी प्राबधानअनुसार नेपाल पुरै नवउपनिवेशी जन्जिरले बाँधिनेछ । सम्पूर्ण रुपमा अमेरिकीहरूको गुलाम बन्नेछ । यस कारणले एमसीसी परियोजना पूर्णरूपमा राष्ट्रघाती छ, पूर्णरूपमा नेपाल र नेपाली जनताको हितका विरुद्धमा छ । त्यसैले यसको पूर्णरूपमा खारेजीको विकल्प छैन ।

### यसकारण फिर्ता गर्नुपर्छ

नेपालका संसदवादी राजनीतिक पार्टीहरु र तिनका नेताहरूले नेपाली जनतालाई ढाँट्दै छल्दै लुकीलुकी अमेरिकामै पुगेर यति घातक राष्ट्रघाती एमसीसी परियोजना सम्झौता गरेर राष्ट्रघातको कलंकको टीका लगाएका राष्ट्रघाती तथा देशद्रोहीहरुको नेपाली जनता र क्रान्तिकारी कम्युनिस्ट शक्तिबाट व्यापक रुपमा विरोध र भण्डाफोर भएपछि पारित गरेर आफ्नो मालिकलाई खुसी पार्न सकेनन् । त्यसपछि आफ्ना दासहरुलाई दबाब र डर देखाएर उक्त सम्झौता पारित गराउनका लागि पहिले अमेरिकी एमसीसीका उपाध्यक्ष फातिमा सामुर आएर नालायक तथा राष्ट्रघाती जनघाती संसदीय नेताहरुको घर घरमै पुगेर दबाब दिने, लोभलाभ देखाएर पनि पारित गराउन नसके पछि केही दिन पहिले मात्र अमेरिकी विदेश सहायक मन्त्री डोनाल्ड लु नेपाल आएर तीन दिनसम्म लौरोले गुन्द्री ठटाए झैं ठटाएपछि यही मंसिर २८ गते तदनुसार आगामी डिसेम्बर १४ तारिखिसम्म पारित गर्दछौं भनेर आस्वासन दिएर पठाएका छन् ।

तर, उनीहरूले सोचे झैं गरि राष्ट्रघाति एमसीसी सम्झौता पारित हुने वाला छैन । यदि नेपाली जनतालाई झुक्याएर वेवास्ता गरेर पारित गरे छन् भने नेपाल निश्चित रुपमा कोरियन युद्धको झझल्को दिने गरी नेपाली जनताले राष्ट्रिय युद्ध लड्न तयार हुनेछन् । नेपाली जनता बन्दुक बोक्न बाध्य हुनेछन् । देश गृह युद्धमा होमिन बाध्य हुनेछ । त्यस पछि नेपाली लेन्दुप दोर्जेहरु अफगानिस्तानका अन्तिम राष्ट्र असरफ घानी विना चप्पलै भागे झैं रातारात देश छोडेर भाग्ने छन् ।

## सामाजिक सञ्जाल



**- पुरूषोत्तम ढुंगेल**

निगमले पेट्रोल ६६ मा किनेर १३६ मा बेच्दा पनि घाटा भनेपछि कुरा स्पष्ट छ । सरकारी निकायमा प्रमूख नियुक्ति गर्दा करोड भन्दामाथि मन्त्रीले नजराना लिन्छन् । निगमको नियुक्तिमा बढी दिनुपर्ने प्रष्ट छ र त्यही नजराना उठाउने र मन्त्रीलाई दि रहनु पर्ने भएकोले निगम घाटामा मन्त्री र प्रबन्धक नाफामा ।



**- धर्मा पौडेल**

सरकारले संविधानत गर्नै पर्ने चुनाव पछि सार्ने, अनी संसदीय चुनाव गर्ने भन्ने आयो, कम्फटेवल सरकारले छिटो गराउने चुनाव चाहिँ अग्रगमन कि प्रतिगमन हुने हो ? कि यसको परिभाषा नै बदलिन्छ अब ? चुनाव गर्दा प्रतिगमा भन्ने महासयहरू कता हुनुहुन्छ ?




**- जेपी गुप्ता**

भर्खरैको तथ्यांकअनुसार 'मधेस प्रदेश' मा जम्मा ५० प्रतिशत जनसंख्याले कोभिडविरूद्धको भ्याक्सिन लिन पाएका छन् । के यस प्रावधानले ठूलो जनसंख्यालाई राज्यको सेवाबाट बिमुख पार्दैन ? भ्याक्सिन लिनै पर्दछ, तर आम सहजतालाई पनि ध्यान दिइनु पर्दछ ।



**- विष्णु रिमाल**

वैशाखभित्र स्थानीय तहको चुनाव नहुँदा संविधान उल्लंघन हुन्छ, कानून मिचिन्छ । यसको चिन्ता नहुने ! उ बेला मुद्दा हाली 'एक दिन बाँकी रहेसम्म पनि प्रतिनिधिसभा भंग गर्न नहुने' भनि गराइएको फैसला विपरीत 'पहिले प्रतिनिधिसभा र प्रदेशको चुनाव–पछि स्थानीय तहको' भन्ने गफ हामीले पत्याइदिनु पर्ने !



**- कृतिका थारू**

ए हजुर, मधेसी जनता पनि यही भूगोलमा सदिऔं वर्षदेखि बस्तै आएका जनता हुन् है । मधेसी जनताले आफ्नो लोकतान्त्रिक अधिकार प्रयोग गरेर जाबो नाम नै राख्या हुन्, अर्को देश बनाएका होइनन् । तपाईंले उनीहरूलाई आफ्नो प्रदेशको नाम राख्न पनि नपाउने कस्तो लोकतान्त्रिक अधिकार दिनुभयो ?

# महिला अधिकार र बुर्का

विश्व



● तसलीमा नसरिन

> व्यक्तिगत स्वतन्त्रतालाई दबाएर कसैलाई फाइदा हुँदैन । पुरुषले सबै अधिकार स्वतः प्राप्त गर्नेछन् र महिलालाई कुनै अधिकार हुनेछैन, वा उनीहरूको अधिकार सीमित हुनेछ, यो मानव निर्मित कानून पृथ्वीको सबैभन्दा भयानक, बर्बर र अन्यायपूर्ण कानून हो । यो आफ्नै जातिमाथिको डरलाग्दो अत्याचार हो ।

यदि तपाईं कसैलाई लामो समयसम्म जन्जिरमा बाँधेर राख्नुहुन्छ भने उ जन्जिर तोडेरै जानेछ । यदि तपाईं कुनै महिलालाई बुर्काको अँध्यारोमा ढाकेर राख्न चाहनुहुन्छ भने उ उज्यालोमै आएर नृत्य गर्नेछिन् । साउदी अरबमा जहाँ महिलाहरूले बुर्का मात्र नभई नकाब लगाएर प्रदर्शन गरे । ताकि एक रौ पनि कसैलाई देख्न नपरोस् ।

त्यही साउदी अरबको जाजान शहरको सडकमा तीन किशोरीहरूले साम्बा नाचेर देखाए । उनीहरुले आफ्नो लामो कपाल हावामा हल्लाए । कतिपयले ती युवतीहरू विदेशी भएको बताएका छन् । तर, साउदी अरबमा स्वदेशी तथा विदेशी सबै महिलाले आफ्नो पूरै शरीर ढाक्नुपर्छ । कडा धार्मिक कानून तोड्नेलाई सजायँ हुन्छ । तर, पछिल्ला केही वर्षहरूमा साउदी अरेबियाले केही पुराना र कठोर कानुनहरू खारेज गरेको छ । त्यहाँ महिलालाई गाडी चलाउने अधिकार थिएन, उनीहरुले त्यो अधिकार पाएका छन् । त्यहाँ महिलाहरूलाई सिनेमा र थिएटर जान अनुमति दिइएको छ ।

सार्वजनिक स्थानमा कुरा गर्दा पुरुष र महिलाको टाउको काट्ने देशमा सांगीतिक कन्सर्टमा पुरुषसँगै महिला पनि छन् । महिला र पुरुष दुवैलाई सँगै बसेर यस्ता कार्यक्रम हेर्ने अधिकार छ । साउदी सरकारले अहिले महिलाले बुर्का लगाउन अनिवार्य नभएको बताएको छ । साउदी महिलाले देश बाहिर एक्लै यात्रा गर्ने अधिकार अहिलेसम्म नपाएको भए पनि छिट्टै यो अधिकार पाउने सम्भावना छ ।

व्यक्तिगत स्वतन्त्रतालाई दबाएर कसैलाई फाइदा हुँदैन । पुरुषले सबै अधिकार स्वतः प्राप्त गर्नेछन् र महिलालाई कुनै अधिकार हुनेछैन - वा उनीहरूको अधिकार सीमित हुनेछ, यो मानव निर्मित कानून पृथ्वीको सबैभन्दा भयानक, बर्बर र अन्यायपूर्ण कानून हो । यो आफ्नै जातिमाथिको डरलाग्दो अत्याचार हो । एक्काइसौं शताब्दीमा पनि महिला नामको मानवलाई संसारमा जताततै पूर्ण अधिकार छैन, किनभने उनको शरीरको एक वा दुईवटा अंग पुरुष नामको मानवको शरीरको अंगसँग मेल खाँदैन ।

साउदी अरेबिया जस्तै बर्बरता र कट्टरताले आक्रान्त भएको देशमा पनि स्वतन्त्रता संग्रामी महिलाहरू सडकमा उभिएका छन् । सवारी चलाउनु गैरकानुनी भएको थाहा पाएर गाडी चलाएर विरोध दर्ता गरेका छन् । बुर्का नलगाई हिँड्नु कानुनविपरीत भएको थाहा पाएर सडकमा बुर्का फालेर यो अन्यायपूर्ण कानुनप्रति आपत्ति जनाएका छन् ।

